आज मिति २०८२।०६।२६ गतेका दिन दिउसो १:०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४४ औ (आ.व.२०८२/८३ को पाचौं) बैठक गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना साकारज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिकाको बैठक कक्षमा बस्यो। उपस्थिती र निर्णय देहाय बमोजिम रहेको छ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ती माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया |
| १७ | श्री भुवन चापागाई | सचिव (प्र.प्र.अ.) | |

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फिन्चोक गोरखा
२०७३

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

**प्रस्ताब नं. १) पूर्व निर्णय समिक्षा सम्बन्धमा ।**

**निर्णय नं. १,**

चालु आ.व. २०८२।८३ को तेश्रो अर्थात मिति २०८२।०६।०३ गते वसेको यस समितिको १४३ औ. वैठकवाट भएका निर्णयहरु एवं योजनाहरुको कार्यान्वयन स्थितिका वारेमा आजको यस बैठकमा विषयवस्तु प्रस्तुत भई समीक्षात्मक छलफल एवं सो सम्बन्धमा जानकारी भयो ।

**प्रस्ताब नं. २ संघीय सरकारको निर्देशन कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. २,**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०६।०५ को निर्णय उदृत गर्दै अर्थ मन्त्रालयको प.सं. २०८२।०८३ (वजेट) च.नं. ११८ मिति २०८२।०६।०७ पत्रमा उल्लेखित निर्णयहरु कार्यान्वयन गर्ने / गराउने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौवाट सवै स्थानीय तहहरुलाई लेखि पठाइएको प.सं. ०८२।०८३ च.नं. ११३ मिति २०८२।०६।०८ को पत्र आजको यस बैठकमा प्रस्तुत भई सो उपर छलफल भयो । उक्त सम्बन्धमा सार्वजनिक संरचनाको पून निर्माण र मर्मत संभार, सार्वजनिक सेवा सूचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण , अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा गंभिर छलफल गरी तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपसिल**

१) यस गाउँपालिकावाट चालु आ.व. २०८२।०८३ मा कार्यान्वयन गर्ने गरी छनौट एवं स्वीकृत भएका १० लाख भन्दा वढि लागत रकमका सवै किसिमका आयोजनाहरु उपभोक्ता समितिवाट कार्यान्वयन नगर्ने नगराउने, संभौता भई सकेका योजनाहरु समेत रोक्का गरी पून: ठेक्का प्रक्रिया मार्फत अघि वढाउन कार्यालयलाई आवश्यक निर्देशन दिने ।

२) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय एवं मन्त्रालयको परिपत्रको बुदाँ नं. ५ को सि.नं.(ङ) मा उल्लेखित नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरवन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भन्ने सम्बन्धमा छलफल हुदाँ स्वास्थ्य सेवा लगायत अति आवश्यक करार कर्मचारीहरुको आवश्यकता रहेकोले नेपाल सरकारको थप निर्देशनको महशुस गरी अर्को व्यवस्था नहुदाँसम्म करार संभौता कायम रहने निर्णय गरियो ।

३) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय एवं मन्त्रालयको निर्देशन बमोजिमका अन्य वुदाँगत विषयहरुको कार्यान्वयन प्रक्रिया अघि वढाउने ।

**प्रस्ताब नं. ३) खेलकुद सन्चालन तथा व्यवस्थापन मापदण्ड, २०८२ सम्बन्धमा ।**

**निर्णय नं. ३,**

गण्डकी गाउँपालिका क्षेत्र भित्र आयोजना गरिने विभिन्न खेलकुद कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढंगवाट सन्चालन तथा व्यवस्थापन गर्ने उद्धेश्य सहित तयार गरी आजको यस बैठकमा पेश हुन आएको **"खेलकुद सन्चालन तथा व्यवस्थापन मापदण्ड, २०८२"** को मस्यौदा उपर आजको यस बैठकमा छलफल भयो । उक्त सम्बन्धमा पेश हुन आएको **"खेलकुद सन्चालन तथा व्यवस्थापन मापदण्ड, २०८२"** को मस्यौदा उपर थप अध्ययन गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुम्लिचोक गोरखा २०७३

**प्रस्ताव नं. ४) राष्ट्रपति रनिङ्गशिल्ड तथा अध्यक्षकप फुटवल प्रतियोगिता सम्बन्धमा ।**

दिपक तिमिल्सिना (साकार) अध्यक्ष

**निर्णय नं. ४**

मिति २०८२।०६।२८ गते देखि मिति २०८२।०७।०२ गतेसम्म आयोजना गरिने राष्ट्रपति रनिङ्ग शील्ड तथा अध्यक्षकप फुटवल प्रतियोगिता भव्य सभ्य एवं व्यवस्थित ढंगवाट सन्चालन गर्ने गराउने र यसको व्यवस्थापनका लागि खेलकुद प्रतियोगितामा सहभागी प्रत्येक विद्यालयहरुलाई व्यवस्थापन खर्च वापत रु ६००००।०० (साठी हजार) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**विविध**

**१) ड्रोन चोरी अनुसन्धान सम्बन्धमा ।**

गण्डकी गाउँपालिकाको कार्यालय मातहत रहेको ड्रोन चोरी सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान गरी १५ दिन भित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्न गाउँपालिका उपाध्यक्ष श्री ललिता अधिकारीको संयोजकत्वमा तपसिल बमोजिम सदस्य रहेको समिति गठन अध्ययन अनुसन्धान प्रकिया अघि वढाउने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) उपाध्यक्ष श्री ललिता अधिकारी | – संयोजक |
| २) वडा अध्यक्ष श्री तुल वहादुर गुरुङ्ग वडा नं. ६ | – सदस्य |
| ३) वडा अध्यक्ष श्री तुलसी रेग्मी वडा नं. ७ | – सदस्य |
| ४) प्रशासकीय अधिकृत श्री किरणवावु कट्टेल | –सदस्य सचिव |

**२) विद्यालय भवन निर्माण सम्बन्धमा ।**

गण्डकी गाउँपालिका वडा नं. ५ स्थित श्री भगवती मा.वि. को भवन निर्माणका लागि जिल्ला शिक्षा समन्वय ईकाई समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

**३) तहवृद्धि सम्बन्धमा ।**

३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय शासन सवलिकरण कार्यक्रम समन्वय इकाई सिंहदरवार काठमाण्डौको प.सं. ०८२।०८३ च.नं. ५९ मितिको २०८२।०६।०५ को परिपत्रसाथ संलग्न स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि २०८२ को दफा ६ को उपदफा (१) बमोजिम यस कार्यालयमा कार्यरत सूचना तथा प्रविधि अधिकृत श्री अस्मिता पन्तलाई मिति २०८२।०७।०१ देखि लागू हुने गरी अधिकृत छैठौ तहवाट तह वृद्धी गरी अधिकृत सातौ तहमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

दिपक तिमिल्सिना (साकार) अध्यक्ष